**महिला, बालबालिका तथा समाजकल्याण मन्त्री संग भेटघाट कार्यक्रमः**



२९ अप्रिल २०१४ का दिन अन्तर्राष्ट्रिय समन्वय परिषद गैरआवासीय नेपाली संघका महिला संयोजक सपीला राजभण्डारीले माननीय महिला, बालबालिका तथा समाजकल्याण मन्त्री माननीय श्री निलम केसी (खड्का) संग भेटघाट गर्नु भयो । सो अवसरमा महिला संयोज राजभण्डारीले यस मन्त्रालयको मन्त्री पदमा चयन हुनु भएकोमा बधाई ज्ञापन गर्नु भयो । उहाँले गैरआवासीय नेपाली संघ महिला फोरमका गतिविधिहरु र योजना बारे अवगत गराउनु भयो । मुख्यतया उहाँले वैदेशिक रोजगारमा जाने महिलाहरुको स्थिति बारे जानकारी गराउँदै विदेशमा हजारौको संख्यामा नेपाली महिलाहरु भएका मुलुकहरुमा सुरक्षित स्थल बनाउन पहल गरिदनहुनको लागि आग्रह गर्नु भयो । यसको प्रावधानले अलपत्र तथा समस्या परेका महिलाहरुलाई केही दिनको आश्रयको लागि ठूलो सहयोग पुर्याउने कुरा बताउनु भयो । उहाँले नेपाली महिलाको विदेशी पतिबाट जन्मेका बालबालिकाहरुलाई नेपाली नागरिक सरह हैसियत दिनु पर्ने बारे माननीय मन्त्रीज्यूको ध्यानकर्षण गराउनु भयो । यस प्रावधानको व्यवस्था भएमा कुनै पनि विदेशमा रहेका नेपाली महीलाहरुले आफूले जन्म दिएको सन्तानलाई विदेशमा राख्न नपरोस भन्ने आशय रहेको बताउनु भयो । उहाँले वैदैशिक रोजगारमा जानु अघि महिला कामदारहरुलाई सम्बन्धित विषयमा जानकारी र प्रशिक्षण दिनु पर्ने बारेमा पनि प्रकाश पार्नु भयो । यसका साथै उहाँले आगामी मईको ९ र १० मा बहराईनमा मध्यपूर्व क्षेत्रीय बैठक र ७ र ८ जुनमा स्पेनमा आयोजना हुने युरोप क्षेत्रीय बैठमा महिला भेला  कार्यक्रम आयोजना गरिने बारेमा पनि जानकारी गराउनु भयो ।

माननीय मन्त्रीज्यूले महिला फोरमले गरेका कार्यहरुको प्रशंसा गर्नु भयो । उहाले  छलफलका दौरान उठाईएका समस्याहरुलाई लिखित रुपमा ल्याईएमा आफ्नो तर्फबाट सकारात्मक रुपमा पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । वैदेशिक रोजगारमा जाने महिलाहरुको सुरक्षा र यसलाई व्यवस्थित गर्नकोगि महिला मन्त्रालय श्रम मन्त्रालय र  गैरआवासीय नेपाली संघ महिला फोरमसंग सहकार्य गरेर सहयोग गर्न सदा तत्पर रहने बताउनु भयो ।

भेटघाट कार्यक्रममा एनसिसि युकेका महिला संयोजक बबिता लामा र सचिवालयकको पनि सहभागीता रहेको थियो ।